तथा कर्मचारीले आफूलाई रुपान्तरण गर्दै लगिरहेको वर्तमान अवस्थामा संविधान र कानुनले राखेका उद्देश्य सन्तोषजनकरुपमा कार्यान्वयन भने भइनसकेको उल्लेख गरे ।

'अझै पनि कैयौं नेपाली जनता आफ्नो मौलिक हकबारे अनभिज्ञ छन्, यसका लागि सूचनाको हकको प्रभावकारी कार्यान्वयन जरुरी छ । भावकारी कार्यान्वयनका लागि आपूर्ति पक्ष थप संवेदनशील र्नु आवश्यक छ, त्योभन्दा ढी जनता आफैं आफ्नो धिकार प्राप्त गर्न तयार खिउन् भनेर उनीहरूमा गगरण ल्याउन अत्यन्त आवश्यक छ भन्ने मलाई ागदछ', राष्ट्रपति पौडेलले ने । संविधानको मर्म र ानुनको व्यवस्थाअनुसार ापित आयोगले आफ्नो म्मेवारी इमान्दारीपूर्वक निर्वाह गरिरहेको भन्दै आजमात्र चार वटा राष्ट्र भाषा मैथिली, अवधी, थारु र भोजपुरीमा प्रकाशित सहयोगी पुस्तिकाका कारण सूचनामागकर्ता तथा बहुसङ्ख्यक नेपालीमाझ आवश्यक सूचना पुऱ्याउन सहयोग पुगेको राष्ट्रपति पौडेलले विश्वास व्यक्त गरे । उनले यसैगरी थप राष्ट्रभाषामा पनि यस्तो प्रकाशन गर्नु आवश्यक रहेको धारणा व्यक्त गरे । 'सूचनाको हक स्थापित गर्न आयोगले सीमित साधनस्रोतबाट पनि कानुनको प्रभावकारी कार्यान्वयनका लागि जिम्मेवार हुँदै अधिकार स्थापित गर्दै आएको छ । यसको थप प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला निकाय जिम्मेवार हुनुपर्दछ । साथै नागरिकमा जागरण ल्याउन सरकारको गम्भीर ध्यान जान जरुरी छ', राष्ट्रपति पौडेलले भने । स्वाभाविकरुपमा सबै सूचना सार्वजनिक हुँदैनन् र कानुनमा व्यवस्था भएका अति संवेदनशील पाँच प्रकारका सूचना संरक्षण गरेर राखिने विषय पनि जनताकै हितका लागि हुन् भन्ने हामीले बिर्सन नहुने उनले उल्लेख गरे ।

## बागमतीमा

उक्त भाषा प्रयोगमा ल्याइएको खुसीयालीमा हुने कार्यक्रम भव्य रूपमा सम्पन्न गर्न संस्कृतिमन्त्री बज्राचार्यको अध्यक्षतामा तीन सय पाँच सदस्यीय आयोजक समिति निर्माण गरिएको छ । बागमती प्रदेशसभाको केही महिनाअघि बसेको बैठकले प्रदेशमा सरकारी कामकाजको भाषाको रूपमा नेवारी र तामाङ भाषाको विधेयक पारित गरिएको प्रदेश सभाका प्रमुख सचिव कृष्णहरि खड्काले जानकारी दिएका छन् ।

---

# श्री बेलपानी सामुदायिक वन उपभोक्ता समूह

**गोदावरी न.पा.१२ कैलाली**

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**सिटीपोष्ट राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति : २०८१।१।२३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्दी भएको गोलिया काठ लिलाम प्रकिया द्वारा लिलाम बढाबढ गर्नु पर्ने भएको ले घाटगद्दीमा मौज्दात रहेको जात, खयर गरी १०५ थानको ९२४।६८ क्यूफि काठ लाई शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्न पर्ने भएकोले सिटीपोष्ट राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र २२ औं दिनको ३ बजेभित्र यस सा.व.उ.स. को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको सूचना यस सा.व.उ.स.को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**अध्यक्ष**

**श्री बेलपानी सामुदायिक वन उपभोक्ता समूह**

**गोदावरी न.पा.१२ कैलाली**